# सञ्चार माध्यम सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२

स्वीकृत मिति: २०८२/०९/१४

प्रस्तावना: लुम्बिनी प्रदेशको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएको सञ्चार माध्यमहरूलाई कार्यक्रम उत्पादन, प्रकाशन, प्रसारण/वितरण गरिने कार्यक्रमहरूलाई सुव्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र परिणाममुखी बनाउन वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सञ्चार माध्यम सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा विनियोजन भएको बजेटको अधीनमा रही मन्त्रालयको तर्फबाट सञ्चार माध्यमलाई कार्यक्रम उत्पादन, प्रकाशन र प्रसारण/वितरण गरे बापत उपलब्ध गराईने रकम सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको सञ्चार विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ग) "सञ्चारमाध्यम" भन्नाले सूचना तथा सन्देश सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रचलित कानुन बमोजिम दर्ता एवं नवीकरण गरेका प्रदेशमा सूचीकृत तथा आवद्ध सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित एफ.एम. रेडियो, टेलिभिजन, छापा, अनलाईन सञ्चार माध्यमलाई समेत सम्झनुपर्छ।

(घ) "पत्रकार" भन्नाले सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण हुने सामग्री सङ्कलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामेरा पर्सन, समाचार वाचक, व्यङ्ग्य चित्रकार, भाषा सम्पादक, वेब डिजाईनर, स्तम्भ लेखक, कार्यक्रम उत्पादक र कार्यक्रम प्रस्तोता समेतलाई जनाउँछ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिमको सञ्चार माध्यम सूचीकृत समिति सम्झनुपर्छ।

३. रेडियो कार्यक्रम उत्पादन: (१) रेडियो कार्यक्रम उत्पादन गर्न सार्वजनिक सेवा प्रसारण नेपाल (रेडियो नेपाल) सँग सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम सोझै वार्ता गरी देहाय बमोजिमका शीर्षकमा अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ:-

(क) प्रदेशको आर्थिक विकास र समृद्धि,

(ख) सामाजिक विकासमा प्रदेश सरकारको भूमिका,

(ग) प्रदेश कानुनको कार्यान्वयनको अवस्था,

(घ) सङ्घीयता कार्यान्वयनमा प्रदेशको भूमिका,

(ङ) सुशासन, समृद्धि र विकास,

आ. आदित्य कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

(च) वातावरण संरक्षण,

(छ) प्रदेश शिक्षाको अवस्था,

(ज) प्रदेश विपद् व्यवस्थापन,

(झ) दिगो विकास,

(ञ) प्रदेश प्रशासन,

(ट) प्रदेश पर्यटनको सम्भाव्यता,

(ठ) प्रदेश सरकारका उपलब्धि र चुनौती।

(२) उपदफा (१) बमोजिम सम्झौता गरेपश्चात् सार्वजनिक सेवा प्रसारण नेपाल (रेडियो नेपाल) ले सम्झौतामा उल्लेख भएको अवधिभित्र मन्त्रालयसमक्ष उत्पादन गरेको कार्यक्रम उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यक्रम प्राप्त भएपश्चात् मन्त्रालयले सम्झौता बमोजिमको कार्यक्रम उत्पादन भए नभएको सम्बन्धमा आवश्यक जाँच गरी सम्झौता बमोजिम कार्यक्रम उत्पादन भएमा सो सम्बन्धमा भुक्तानी गर्नेछ।

(४) उपदफा (३) बमोजिम उपलब्ध गराइएको रकममा मूल्य अभिवृद्धि कर समेत समावेश गर्नु पर्नेछ।

४. <u>सञ्चार माध्यम सूचीकृत समितिको गठनः</u> (१) यस कार्यविधि बमोजिम प्रदान गरिने प्रकाशन तथा प्रसारण अनुदानको लागि सञ्चार माध्यमहरूको सूचीकृत गर्न मन्त्रालयमा देहाय बमोजिम सदस्य रहेको सञ्चार माध्यम सूचीकृत समिति हुनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -संयोजक |
| (ख) | महाशाखा प्रमुख, सञ्चार तथा सुचना प्रविधि मन्त्रालय | -सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ङ) | कानुन अधिकृत, मन्त्रालय | -सदस्य |
| (च) | शाखा प्रमुख, सञ्चार शाखा, मन्त्रालय | -सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार सञ्चार क्षेत्रका विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिका सदस्यले सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९ बमोजिमको बैठक भत्ता पाउनेछन्।

५. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिमको अनुदानको लागि सूचीकृत हुन आएका सञ्चार माध्यमद्वारा पेस भएका आवेदन तथा संलग्न कागजातहरूको आवश्यक जाँचबुझ गर्ने,

(ख) खण्ड (क) बमोजिम जाँचबुझ गरेपश्चात् कागजात पूरा भएका सञ्चार माध्यमलाई सूचीकृत गर्ने,

मा. आदेश कुमार अग्रवाल
मन्त्री

(ग) सूचीकृत गरेका सञ्चार माध्यमको विवरण तयार गरी पेस गर्ने,

(घ) सूचीकृतको सम्बन्धमा कुनै बाधा उत्पन्न भएमा कार्यविधि र सर्वोत्तम हितको आधारमा समधान गर्ने।

६. <u>टेलिभिजन तथा रेडियोहरूको सूचीकृत:</u> (१) उत्पादित भएका टेलिभिजन कार्यक्रम र दफा ३ बमोजिम उत्पादन भएका रेडियो कार्यक्रमको प्रसारणको लागि मन्त्रालयले टेलिभिजन तथा रेडियो कार्यक्रम प्रसारण अनुदान प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने प्रसारण अनुदानको लागि टेलिभिजन र रेडियोहरूलाई सूचीकृत गर्न मन्त्रालयले आफ्नो आधिकारिक वेबसाइट र राष्ट्रियस्तरको दैनिक पत्रिका मार्फत १५ दिने सूचना प्रकाशन गरी आवेदन आहान गर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन भएपश्चात् यस कार्यविधि बमोजिमको कार्यक्रम प्रसारणको अनुदान प्राप्त गर्न इच्छुक टेलिभिजन र रेडियोले अनुसूची-२ बमोजिमको ढाँचा र कागजात सहित मन्त्रालयमा (ईमेलमा) सूचीकृतको लागि निवेदन दिनुपर्नेछ।

(४) यस दफा बमोजिम सूचीकृतको लागि निवेदन प्राप्त भएपश्चात् मन्त्रालयले प्राप्त निवेदन तथा संलग्न कागजातहरू सहित सूचीकृतको लागि समिति समक्ष पठाउनेछ।

(५) उपदफा (४) बमोजिम पेस भएका कागजातको जाँचबुझ गरी समितिले टेलिभिजन तथा एफ.एम./ रेडियोहरूलाई सूचीकृत गरी मन्त्रालय समक्ष पेस गर्नेछ। मन्त्रालयले यसरी पेस हुन आएका सूचीकृत टेलिभिजन तथा एफ.एम./ रेडियोहरूको विवरण आफ्नो आधिकारिक वेबसाइटमा प्रकाशन गरी प्रसारण अनुदानको लागि सम्झौता गर्न आउने सम्बन्धमा सूचना आह्वान गर्नेछ।

७. <u>टेलिभिजन प्रसारण अनुदान वितरण:</u> (१) मन्त्रालयले यस कार्यविधि बमोजिम सूचीकृत भएका टेलिभिजनहरूसँग उत्पादित भएका टेलिभिजन कार्यक्रम प्रसारणको लागि अनुसूची-३ बमोजिको ढाँचामा सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गरेपश्चात् टेलिभिजनहरूले मन्त्रालयद्वारा प्रदान गरेको टेलिभिजन कार्यक्रम प्रसारण गर्नेछन्। यसरी प्रसारण गरे बापत मन्त्रालयले प्रति श्रृखला दश हजारका दरले टेलिभिजन कार्यक्रम प्रसारण अनुदान प्रदान गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रसारण अनुदान प्राप्त गर्न कार्यक्रम प्रसारण गरेका टेलिभिजनले अनूसुची-४ बमोजिको ढाँचामा कार्यक्रम प्रसारण गरेको सम्बन्धमा पुष्ट्याई गर्ने कागजात सहित मन्त्रालयसमक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपश्चात् मन्त्रालयले पेस हुन आएका कागजातहरूको आवश्यक जाँच गरी प्रसारण अनुदान बापतको रकम भुक्तानी गर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुदान बापतको रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर समेत समावेश गरिनेछ।

८. <u>रेडियो कार्यक्रम प्रसारण अनुदान:</u> (१) मन्त्रालयले दफा ६ बमोजिम सूचीकृत भएका रेडियोहरूसँग दफा ३ बमोजिम उत्पादन भएका रेडियो कार्यक्रम प्रसारणको लागि अनुसूची-५ बमोजिको ढाँचामा सम्झौता गर्नेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

(२) उपदफा (१) बमोजिम रेडियो कार्यक्रम प्रसारणको लागि सम्झौता भएपश्चात् सम्झौता भएका रेडियोहरूले मन्त्रालयद्वारा प्रदान गरेको रेडियो कार्यक्रम प्रसारण गर्नेछन्। कार्यक्रम प्रसारण गरे बापत मन्त्रालयले प्रति कार्यक्रम चार हजारको दरले रेडियो कार्यक्रम प्रसारण अनुदान प्रदान गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रसारण अनुदान प्राप्त गर्न कार्यक्रम प्रसारण गरेका रेडियोले अनूसुची-६ बमोजिको ढाँचामा कार्यक्रम प्रसारण गरेको सम्बन्धमा पुष्टयाई गर्ने कागजात सहित मन्त्रालयसमक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएपश्चात् मन्त्रालयले पेस हुन आएका कागजातहरूको आवश्यक जाँचबुझ गरी प्रसारण अनुदान बापतको रकम भुक्तानी गर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुदान बापतको रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर समेत समावेश गरिनेछ।

९. <u>छापा सञ्चारमाध्यमलाई अनुदान:</u> (१) मन्त्रालयको तर्फबाट प्रकाशन गरिने सन्देशमूलक सूचना सामग्री प्रकाशन गर्ने छापा सञ्चार माध्यमलाई मन्त्रालयले प्रकाशन अनुदान उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन अनुदानको मन्त्रालयले आफ्नो आधिकारिक वेबसाइट र राष्ट्रिय दैनिक पत्रिका मार्फत १५ दिने सूचना प्रकाशन गरी आवेदन आह्वान गर्ने।

(३) उपदफा (२) बमोजिमको सूचना प्रकाशन भएपश्चात् छापा सञ्चार माध्यमले अनुसुची-७ बमोजिमको ढाँचा र कागजात सहित मन्त्रालयमा (ईमेलमा) सूचीकृतको लागि निवेदन दिनुपर्नेछ।

(४) यस दफा बमोजिम सूचीकृतको लागि निवेदन प्राप्त भएपश्चात् मन्त्रालयले प्राप्त निवेदन तथा संलग्न कागजात सहित सूचीकृतको लागि समितिसमक्ष पठाउनेछ।

(५) उपदफा (४) बमोजिम पेस भएका कागजातको जाँचबुझ गरी समितिले छापा सञ्चार माध्यमलाई सूचीकृत गरी मन्त्रालय समक्ष पेस गर्नेछ। मन्त्रालयले यसरी पेस हुन आएका सूचीकृत सञ्चार माध्यमको विवरण आफ्नो आधिकारिक वेबसाइटमा प्रकाशन गरी प्रकाशन अनुदानको लागि सम्झौता गर्न आउने सम्बन्धमा सूचना आह्वान गर्नेछ।

(६) उपदफा (५) बमोजिम सम्झौता गर्न आउने छापामाध्यमसँग मन्त्रालयले अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

१०. <u>प्रकाशन सामग्रीको अङ्क :</u> (१) दफा ९ बमोजिम सूचीकृत भई सम्झौता भएका छापा माध्यमहरूले प्रकाशन अनुदान प्राप्त गर्न देहाय बमोजिमको अङ्क मन्त्रालयद्वारा प्रदान गरिएका सूचनामूलक सन्देशहरू प्रकाशन गर्नु पर्नेछ :-

(क) दैनिक पत्रिकाको हकमा सूचनामूलक सन्देशहरू महिनामा ४ अङ्क छाप्नु पर्नेछ।

(ख) साप्ताहिक र अर्ध साप्ताहिक पत्रिकाको हकमा सूचनामूलक सन्देशहरू महिनामा ३ अङ्क छाप्नु पर्नेछ।

(ग) पाक्षिक, मासिक वा सोभन्दा बढी प्रकाशन हुने पत्रिकाहरूको हकमा सूचनामूलक सन्देशहरू महिनामा २ अङ्क छाप्नु पर्नेछ।

(२) छापा माध्यमहरूले उपदफा (१) बमोजिम प्रकाशन भएका अङ्कहरूको सबै पृष्ठ भुक्तानीका क्रममा मन्त्रालयमा पेस गर्नुपर्नेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

११. <u>प्रकाशन अनुदान रकमको सीमा र भुक्तानी प्रक्रिया</u>: (१) यस कार्यविधि बमोजिम छापा सञ्चार माध्यमलाई प्रसारण अनुदान उपलब्ध गराउँदा सूचना तथा प्रसारण विभागको वर्गीकरण अनुसार प्रति सूचना देहाय बमोजिम उपलब्ध गराइनेछ।

| सि.नं. | पत्रिकाको किसिम | 'क' वर्ग | 'ख' वर्ग | 'ग' वर्ग | 'घ' वर्ग |
|---|---|---|---|---|---|
| १. | दैनिक | ३००० | २५०० | २००० | १५०० |
| २. | साप्ताहिक/अर्ध साप्ताहिक | ३००० | २५०० | २००० | १५०० |
| ३. | पाक्षिक | ३००० | २५०० | २००० | १५०० |
| ४. | मासिक, द्वैमासिक, त्रैमासिक, अर्ध वार्षिक र वार्षिक | ३००० | २५०० | २००० | १५०० |

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको रकममा मूल्य अभिवृद्धि कर समेत समावेश भएको हुनेछ।

(३) उपदफा (२) बमोजिमको अनुदान रकमको भुक्तानी लिनको लागि छापा माध्यमहरूले प्रकाशन तालिकासहित मन्त्रालयमा मन्त्रालयमा अनुसुची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपश्चात् मन्त्रालयले प्राप्त विवरणको जाँचबुझ गरी प्रकाशन अनुदान रकमको भुक्तानी दिनेछ।

१२. <u>अनलाइन सञ्चारमाध्यमलाई अनुदान</u>: (१) मन्त्रालयको तर्फबाट प्रकाशन गरिने सन्देशमूलक सूचना सामग्री प्रकाशन गर्ने अनलाइन सञ्चार माध्यमलाई प्रकाशन अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराईने प्रकाशन अनुदानको लागि सूचीकृत गर्न मन्त्रालयले आफ्नो आधिकारिक वेबसाइट र राष्ट्रिय दैनिक पत्रिका मार्फत १५ दिने सूचना प्रकाशन गरी आवेदन आह्वान गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचना प्रकाशन भएपश्चात् अनलाइन सञ्चार माध्यमले अनुसुची-१० बमोजिमको ढाँचा र कागजात सहित मन्त्रालयमा (ईमेलमा) सूचीकृतको लागि निवेदन दिनुपर्नेछ।

(४) यस दफा बमोजिम सूचीकृतको लागि निवेदन प्राप्त भएपश्चात् मन्त्रालयले प्राप्त निवेदन तथा संलग्न कागजात सहित सूचीकृतको लागि समितिसमक्ष पठाउनेछ।

१३. <u>अनलाइन सञ्चार माध्यमलाई प्रकाशन अनुदान</u>: (१) मन्त्रालयले दफा १२ बमोजिम सूचीकृत भएका अनलाइन सञ्चार माध्यमहरूसँग प्रकाशन अनुदानको लागि अनुसूची-११ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता भएका अनलाइन सञ्चार माध्यमहरूले मन्त्रालयद्वारा प्रदान गरेको सूचना मासिक ५ अङ्क प्रकाशन गर्नु पर्नेछ र सो गरे बापत मन्त्रालयले प्रति महिना ३ हजार रुपैयाँका दरले कार्यक्रम प्रकाशन अनुदान प्रदान गर्नेछ।



मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(३) उपदफा (२) बमोजिम प्रकाशन अनुदान प्राप्त गर्न सूचना प्रकाशन गरेका अनलाइन सञ्चार माध्यहरूले अनूसुची-१२ बमोजिमको ढाँचामा कार्यक्रम प्रकाशन गरेको सम्वन्धमा पुष्ट्याई गर्ने कागजातसहित मन्त्रालयसमक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपश्चात् मन्त्रालयले पेस हुन आएका कागजातको आवश्यक जाँचबुझ गरी प्रकाशन अनुदान बापतको रकम भुक्तानी गर्नेछ।

(५) उपदफा (४) बमोजिम उपलब्ध गराइएको रकममा मूल्य अभिवृद्धि कर समेत समावेश भएको हुनेछ।

१४. <u>अनुदान कार्यक्रमको अनुगमनः</u> (१) मन्त्रालयले यस कार्यविधि बमोजिम प्रदान गरिएको कार्यक्रम प्रकाशन, प्रसारण अनुदानको प्रभावकारिताको सम्बन्धमा आवश्यक अनुगमन गर्नेछ।

१५. <u>लेखा तथा लेखापरीक्षणः</u> यस कार्यविधि बमोजिम भए गरेको खर्चको लेखा र लेखा परीक्षण लेखा प्रणाली अनुसार हुनेछ।

१६. <u>सरकारी बाँकी सरह असुल उपर गरिनेः</u> अनुदान प्राप्त गर्ने सञ्चार माध्यमले यस कार्यविधि बमोजिम भएको सम्झौतामा उल्लिखित सर्त विपरीत कार्य गरेमा अनुदान बापतको रकम मन्त्रालयले सरकारी बाँकी सरह असुलउपर गर्नेछ।

१७. <u>अनुदान रकमको सीमाः</u> यस कार्यविधि बमोजिमको अनुदान रकमको सीमा विनियोजित बजेटमा सीमाभित्र निर्धारण गरे बमोजिम हुनेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## अनुसूची

(दफा ३ सँग सम्वन्धित)

## रेडियो कार्यक्रम उत्पादन सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानुन मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र सार्वजनिक सेवा प्रसारण नेपाल (रेडियो नेपाल) (यस पछि दोस्रो पक्ष भनिएको) बिच सञ्चार माध्यम सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ (यस पछि कार्यविधि भनिएको) को रेडियो कार्यक्रम उत्पादनको सम्बन्धमा तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

तपसिल

१. दोस्रो पक्षले प्राप्त गरेको अनुदान रकमबाट दफा ३ को उपदफा (१) मा उल्लिखित शीर्षकमा कार्यक्रम उत्पादन गरी प्रत्येक हप्ताको आइतवार प्रथम पक्षलाई उपलब्घ गराउनु पर्नेछ।
२. प्रथम पक्षले कार्यक्रम उत्पादन गरे बापतको उत्पादन अनुदान रकम दोस्रो पक्षलाई विनियोजित बजेट रकमको सीमाभित्र रही एकमुष्ट उपलब्ध गराउनेछ।
३. दोस्रो पक्षले प्रथम पक्षद्वारा उपलब्ध गराउने अनुदान रकम भुक्तानी लिन आउँदा उत्पादनको विवरण तथा उपलब्धि सहितको कार्य प्रगति प्रतिवेदन पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।
४. दोस्रो पक्षले सम्झौता बमोजिम कार्यक्रम उत्पादन गरे नगरेको सम्बन्धमा तथा उत्पादित सामग्रीको गुणस्तर तथा औचित्यको यकिन गरी आवश्यकता अनुसार कार्यक्रम उत्पादनमा विषय थपघट एवं परिमार्जन सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी प्रथम पक्षको हुनेछ।
५. दोस्रो पक्षले सम्झौता उल्लेख गरेका विषय नभई अन्य विषयमा कार्यक्रम उत्पादन गरेमा प्रथम पक्ष उत्पादन अनुदान बापत रकम भुक्तानी गर्न बाध्य हुने छैन।
६. प्रथम पक्षले दोस्रो पक्षले उत्पादन गरेको कार्यक्रमको गुणस्तर जाँच गर्न सक्नेछ।
७. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।
८. सम्झौतामा उल्लेख भएको विषयमा द्विविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ।
९. यस सम्झौतामा उल्लेख भएका विषय बाहेक अन्य विषयको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| ............................ | .................. | ........................ |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरू

...........................  .........................

इति संवत् २०८२ साल .....महिना ..... गते रोज.... शुभम्......................................................।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

अनुसूची-२

(दफा ६ को उपदफा (३) सँग सम्वन्धित)

**टेलिभिजन/एफ.एम. रेडियो सूचीकृत निवेदनको ढाँचा**

मितिः

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः सूचीकृत सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति............मा प्रकाशित टेलिभिजन/एफ.एम. रेडियो कार्यक्रम प्रसारण गर्नको लागि सूचीकृत हुने सम्वन्धी सूचनानुसार देहाय बमोजिमका कागजात संलग्न गरी सूचीकृत हुनका लागि निवेदन पेस गरेको वेहोरा अनुरोध छ।

देहाय:

(क) सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण समेत) को प्रमाणित प्रतिलिपि,
(ख) विधान/प्रवन्धपत्र वा सोही बमोजिमको कागजातको प्रमाणित प्रतिलिपि,
(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(घ) इजाजतपत्रको नवीकरणको प्रमाणित प्रतिलिपि,
(ङ) सञ्चारको क्षेत्रमा कम्तीमा पाँच जनालाई नियमित रुपमा रोजगारी प्रदान गरको खुलाउने कागजात,
(च) कभरेज एरिया, प्रकाशन र वितरणको संख्या विवरण खुलाउने कागजात ,
(छ) लाभान्वित हुने अनुमानित जनसंख्याको विवरण,
(ज) श्रमजीवी पत्रकार सम्वन्धी ऐन र नियमहरू पालना गरेको स्वःघोषणा,
(झ) आचारसंहिताको उल्लङ्घनमा गरी कारवाहीमा नपरेको स्वःघोषणा,
(ञ) सञ्चार माध्यम सञ्चालनमा रहेको स्वः घोषणा।

निवेदक
सञ्चार माध्ययमको नामः
ठेगानाः
आधिकारिक प्रतिनिधिको नामः
पदः
दस्तखतः
मितिः

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## अनुसूची-३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

### टेलिभिजन कार्यक्रम प्रसारण अनुदान सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानुन मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र .........टेलिभिजन (यस पछि दोस्रो पक्ष भनिएको) बिच सञ्चार माध्यम सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ (यस पछि कार्यविधि भनिएको) कार्यक्रम प्रसारणको सम्बन्धमा तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षले प्रसारण गर्ने कार्यक्रमहरूको हरेक श्रृङ्खला प्रत्येक हप्ता उपलब्ध गराउनेछ।

२. दोस्रो पक्षले प्रथम पक्षले उपलब्ध गराएको कार्यक्रमको प्रत्येक श्रृङ्खला जुन हप्तामा प्राप्त गरेको हो सोही हप्ता भित्र प्रसारण गर्नु पर्नेछ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम प्रसारण गरेको रकम प्रति श्रृङ्खला दश हजार रुपैयाँको दरले एकमुष्ट उपलब्ध गराउनेछ। भुक्तानीका लागि निवेदन पेस गर्दा रु. २०,०००।– (विस हजार रुपैयाँ) भन्दा बढीको हकमा अनिवार्य रूपमा VAT विल समावेश गर्नुपर्नेछ।

४. दोस्रो पक्षले प्रसारण अनुदान बापतको रकम भुक्तानी लिन आउँदा कार्यक्रम प्रसारण गरेको विवरण खुल्ने प्रसारित प्रमाणपत्र सहितको पुष्ट्याई हुने कागजात र कार्यक्रम प्रसारित नमुनाको विद्युतीय प्रति समेत प्रथम पक्षलाई बुझाउनु पर्नेछ।

५. प्रथम पक्षले दोस्रो पक्षले कार्यक्रम प्रसारण गरेको नगरेको सम्बन्धमा अनुगमन गर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।

७. सम्झौतामा उल्लेख भएको विषयमा द्विविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय नै अन्तिम हुनेछ।

८. यसमा उल्लेख भएका विषय बाहेक अन्य विषयको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| ............................ | .................... | ........................ |
| नामः | नामः | नामः |
| पद: | पदः | पदः |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | | |
| राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरू

...........................                                        .........................

इति संवत् २०८२ साल .....महिना ..... गते रोज.... शुभम्.......................................................

मा. आदेश कुमार अग्रवाल
मन्त्री

अनुसूची-४

(दफा ७ को उपदफा (३) संग सम्बन्धित)

<u>टेलिभिजन कार्यक्रम प्रसारण अनुदान रकमको भुक्तानी निवेदनको ढाँचा</u>

मितिः

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः <u>अनुदान रकम भुक्तानी सम्बन्धमा</u>।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयसँग मिति............को सम्झौता बमोजिम टेलिभिजन कार्यक्रम प्रसारण गरेको हुनाले देहाय बमोजिम कागजातहरू संलग्न गरी प्रसारण अनुदान बापतको रकम भुक्तानीका लागि निवेदन पेस गरेको बेहोरा अनुरोध छ।

<u>संलग्न कागजात</u>

१. ......................................
२. ......................................

<u>निवेदक</u>
सञ्चार माध्ययमको नामः
ठेगानाः
आधिकारिक प्रतिनिधिको नामः
पदः
दस्तखतः
मितिः

मा. [illegible] कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

अनुसूची-५

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## रेडियो कार्यक्रम प्रसारण अनुदान सम्झौता

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानुन मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र ..........रेडियो (यस पछि दोस्रो पक्ष भनिएको) बिच सञ्चार माध्यम सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ (यस पछि कार्यविधि भनिएको) कार्यक्रम प्रसारणको सम्बन्धमा तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षले प्रसारण गर्ने कार्यक्रमहरूको श्रृखला प्रत्येक हप्ता दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।
२. दोस्रो पक्षले प्रथम पक्षले उपलब्ध गराएको कार्यक्रमको श्रृखला जुन हप्तामा प्राप्त गरेको हो सोही हप्ताभित्र प्रसारण गर्नु पर्नेछ।
३. प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम प्रसारण गरेको रकम प्रति श्रृखला चार हजार रुपैयाँको दरले उपलब्ध गराउनेछ। भुक्तानीका लागि निवेदन पेस गर्दा रु. २०,०००।– (विस हजार रुपैयाँ) भन्दा बढीको हकमा अनिवार्य रूपमा VAT बिल समावेश गर्नुपर्नेछ।
४. दोस्रो पक्षले प्रसारण अनुदान बापतको रकम भुक्तानी लिन आउँदा कार्यक्रम प्रसारण गरेको पुष्ट्याई हुने कागजात समेत प्रथम पक्षलाई बुझाउनु पर्नेछ।
५. प्रथम पक्षले दोस्रो पक्षले कार्यक्रम प्रसारण गरेको नगरेको सम्बन्धमा अनुगमन गर्नेछ।
६. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।
७. सम्झौतामा उल्लेख भएको विषयमा द्विविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ।
८. यसमा उल्लेख भएको विषय बाहेक अन्य विषयमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
| --- | --- | --- |
| ............................ | .................. | ........................ |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | | |
| राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरू

...........................                                    ........................

इति संवत् २०८२ साल .....महिना ..... गते रोज.... शुभम्.......................................................

मा. आदेश कुमार अग्रवाल
मन्त्री

## अनुसूची-६

(दफा ८ को उपनियम (३) सँग सम्वन्धित)

## रेडियो कार्यक्रम प्रसारण अनुदान रकमको भुक्तानी निवेदनको ढाँचा

मितिः

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः अनुदान रकम भुक्तानी सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयसँगको मिति............को सम्झौता बमोजिम रेडियो कार्यक्रम प्रसारण गरेको हुनाले देहाय बमोजिम कागजातहरू संलग्न गरी प्रसारण अनुदान बापतको रकम भुक्तानीको लागि निवेदन पेस गरेको बेहोरा अनुरोध छ।

संलग्न कागजात

१. .....................................
२. .....................................

निवेदक
सञ्चार माध्ययमको नामः
ठेगानाः
आधिकारिक प्रतिनिधिको नामः
पदः
दस्तखतः
मितिः

डा. आदेश कुमार अग्रवाल
मन्त्री

अनुसूची-७

(दफा ९ को उपदफा ([illegible]) सँग सम्वन्धित)

<u>छापा सञ्चार माध्यम सूचीकृत निवेदनको ढाँचा</u>

मितिः

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः <u>सूचीकृत सम्बन्धमा।</u>

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति............मा प्रकाशित छापा माध्यमहरूको सूचीकृत हुने सम्बन्धी सूचनानुसार देहाय बमोजिमका कागजात संलग्न गरी सूचीकृत हुनका लागि निवेदन पेस गरेको बेहोरा अनुरोध छ।

<u>देहाय:</u>

(क) प्रचलित कानुन बमोजिम संस्था र पत्रपत्रिका दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(ख) स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि,
(ग) प्रेस काउन्सिलबाट भएको पछिल्लो वर्गीकरणमा परेको प्रमाणको प्रमाणित प्रतिलिपि,
(घ) नियमित प्रकाशन भएको सम्बन्धमा जिल्ला हुलाक कार्यालयबाट जारी भएको सिफारिस पत्र,
(ङ) सञ्चालकको नाम ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,
(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणित प्रतिलिपि,
(छ) लेखापरीक्षण प्रतिवेदन।

<u>निवेदक</u>
छापा सञ्चार माध्यमको नामः
ठेगानाः
आधिकारिक प्रतिनिधिको नामः
पदः
दस्तखतः
मितिः

मा. आदेश कुमार अग्रवाल
मन्त्री

## अनुसूची-८

(दफा ९ को उपदफा (६) सँग सम्वन्धित)

### छापामाध्यमसँग प्रकाशन अनुदान सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानुन मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र ..........पत्रिका (यस पछि दोस्रो पक्ष भनिएको) बिच सञ्चार माध्यम सम्वन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ (यस पछि कार्यविधि भनिएको) कार्यक्रम प्रकाशनको सम्वन्धमा तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षले प्रकाशन गर्ने सूचनाको अङ्क प्रत्येक महिनाको पहिलो हप्ता भित्र दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।
२. दोस्रो पक्षले प्रथम पक्षले उपलब्ध गराएको सूचना जुन महिनामा प्राप्त गरेको हो सोही महिना भित्र प्रकाशन गर्नु पर्नेछ।
३. प्रथम पक्षले दोस्रो पक्षलाई सूचना प्रकाशन गरे बापतको रकम दफा ११ बमोजिमको वर्गीकरणका आधारमा उपलब्ध गराइनेछ। भुक्तानीका लागि निवेदन पेस गर्दा रु. २०,०००।- (विस हजार रुपैयाँ) भन्दा बढीको हकमा अनिवार्य रूपमा VAT विल समावेश गर्नुपर्नेछ।
४. दोस्रो पक्षले प्रसारण अनुदान बापतको रकम भुक्तानी लिन आउँदा सूचना प्रकाशन गरेको पुष्ट्याई हुने कागजात समेत प्रथम पक्षलाई बुझाउनु पर्नेछ।
५. प्रथम पक्षले दोस्रो पक्षले सूचना प्रकाशन गरे नगरेको सम्बन्धमा अनुगमन गर्नेछ।
६. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।
७. सम्झौतामा उल्लेख भएको विषयमा द्विविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ।
८. यसमा लेखिए बाहेक अन्य कुराको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| ............................ | ................... | ........................ |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरू

...........................                                        .........................

इति संवत् २०८२ साल .....महिना ..... गते रोज.... शुभम्.......................................................

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

अनुसूची-९

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

## छापा सञ्चार माध्यमको अनुदान रकमको भुक्तानी निवेदनको ढाँचा

मितिः

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः अनुदान रकम भुक्तानी सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयसँगको मिति............को सम्झौता बमोजिम सूचना प्रकाशन गरेको हुनाले देहाय बमोजिम कागजात संलग्न गरी प्रकाशन अनुदान बापतको रकम भुक्तानीको लागि निवेदन पेस गरेको बेहोरा अनुरोध छ।

संलग्न कागजातहरू

१. ........................................
२. ........................................

निवेदक
सञ्चार माध्ययमको नामः
ठेगानाः
आधिकारिक प्रतिनिधिको नामः
दस्तखतः
मितिः

मा. आदेश कुमार अग्रवाल
मन्त्री

अनुसूची-१०

(दफा १२ को उपदफा [illegible] सँग सम्वन्धित)

**<u>अनलाइन सञ्चार माध्यम सूचीकृत निवेदनको ढाँचा</u>**

मितिः

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः सूचीकृत सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको मिति............मा प्रकाशित अनलाईन सञ्चार माध्यमहरूको सूचीकृत हुने सम्बन्धी सूचनानुसार देहाय बमोजिमका कागजात संलग्न गरी सूचीकृत हुनका लागि निवेदन पेस गरेको बेहोरा अनुरोध छ।

देहायः

(क) सूचना विभागमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(ख) संस्था भएमा संस्था दर्ता प्रमाणपत्र, नवीकरण, प्रवन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,
(ग) व्यक्ति वा संस्थाको सञ्चालक तथा सम्पादनको नाम, थर, ठेगाना, फोन नं र नागरिकताको प्रतिलिपि,
(घ) स्थायी लेखा नम्वरको प्रमाणित प्रतिलिपि,
(ङ) पत्रिकाबाट अनलाइन दर्ता गरेको नियमित पत्रिका प्रकाशन भएको खुल्ने कागजात,
(च) वेवसाइट डोमेन दर्ता वा नवीकरण गरेको प्रमाणको प्रतिलिपि,
(छ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
(ज) प्रेस काउन्सिलमा सूचीकृत भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(झ) सूचनामा तोके बमोजिमका अन्य कागजातहरू।

निवेदक
छापा माध्ययमको नामः
ठेगानाः
आधिकारिक प्रतिनिधिको नामः
पदः
दस्तखतः
मितिः

मा. आदेश कुमार अग्रवाल
मन्त्री

## अनुसूची-१४

(दफा १३ को उपदफा (१) सँग सम्वन्धित)

### अनलाइन सञ्चार माध्यमसँग प्रकाशन अनुदान सम्झौताको ढाँचा

हामी दुई पक्ष आन्तरिक मामिला तथा कानुन मन्त्रालय (यस पछि प्रथम पक्ष भनिएको) र .........अनलाइन सञ्चार माध्यम (यस पछि दोस्रो पक्ष भनिएको) विच सञ्चार माध्यम सम्वन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ (यस पछि कार्यविधि भनिएको) कार्यक्रम प्रकाशनको सम्बन्धमा तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षले प्रकाशन गर्ने सूचनाको अङ्क प्रत्येक महिनाको पहिलो हप्ताभित्र दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

२. दोस्रो पक्षले प्रथम पक्षले उपलब्ध गराएको सूचना जुन महिनामा प्राप्त गरेको हो सोही महिनाभित्र प्रकाशन गर्नु पर्नेछ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई सूचनामूलक सन्देशहरू प्रकाशन गरे बापत मासिक तिन हजार रुपैयाँको दरले उपलब्ध गराउनेछ। भुक्तानीका लागि निवेदन पेस गर्दा रु. २०,०००।– (विस हजार रुपैयाँ) भन्दा बढीको हकमा अनिवार्य रूपमा VAT विल समावेश गर्नुपर्नेछ।

४. दोस्रो पक्षले प्रसारण अनुदान बापतको रकम भुक्तानी लिन आउँदा सूचना प्रकाशन गरेको पुष्ट्याई हुने कागजात समेत प्रथम पक्षलाई बुझाउनु पर्नेछ।

५. प्रथम पक्षले दोस्रो पक्षले सूचना प्रकाशन गरे नगरेको सम्बन्धमा अनुगमन गर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको ठानेमा प्रथम पक्षले अनुदान रकम रोक्का गर्न सक्नेछ।

७. सम्झौतामा उल्लेख भएको विषयमा द्विविधा उत्पन्न भएमा प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।

८. यसमा लेखिएको बाहेक अन्य कुराको सम्वन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| ............................ | ................... | ........................ |
| नामः | नामः | नामः |
| पद | पदः | पदः |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | | |
| राप्ती उपत्यका (देउखुरी), नेपाल। | | |

साक्षीहरू

...........................                                        .........................

इति संवत् २०८२ साल .....महिना ..... गते रोज.... शुभम्.....................................................

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## अनुसूची-१२

(दफा १३ को उपदफा (३) सँग सम्वन्धित)

### अनलाइन सञ्चार माध्यमको अनुदान रकमको भुक्तानी निवेदनको ढाँचा

मितिः

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः अनुदान रकम भुक्तानी सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयसँगको मिति............को सम्झौता बमोजिम सूचना प्रकाशन गरेको हुनाले देहाय बमोजिम कागजात संलग्न गरी प्रकाशन अनुदान बापतको रकम भुक्तानीको लागि निवेदन पेस गरेको बेहोरा अनुरोध छ।

संलग्न कागजातहरू

१. ........................................
२. ........................................

निवेदक
सञ्चार माध्ययमको नामः
ठेगानाः
आधिकारिक प्रतिनिधिको नामः
दस्तखतः
मितिः

मा. आदेश कुमार अग्रवाल
मन्त्री